निर्णयहरू:

१. यस अघि बसेका कार्यालय प्रमुखहरुको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो। साथै जिल्ला स्थित कार्यालय प्रमुखहरुबाट कार्यालयको कार्य सम्पादन तथा अन्य विषयमा जानकारी तथा छलफल भयो।
२. स्थानीय तह उपनिर्वाचन-२०८१ अन्तर्गत गत मंसिर १६ गते यस जिल्लाको नलगाड नगरपालिकाको उपप्रमुख र कुशे गाउँपालिका वडा नं ७ को वडाअध्यक्ष पदको लागि भएको निर्वाचनमा आ-आफ्नो कार्यालयको सरकारी साधन-स्रोत उपलब्ध गराई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, शान्त र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउने तथा खटिने कार्यालय प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गरियो।
३. यस जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाका माननीय सदस्य श्री शक्तिबहादुर बस्नेतले जिल्ला स्थित कार्यालय प्रमुखहरूलाई मिति २०८१/०८/१९ गते दिनुभएको निर्देशन र सम्बन्धित कार्यालयले संचालन गरेका आयोजनामा राख्नुभएको चासो र सुझावहरू सम्बन्धित कार्यालयहरूले पालना गरी कार्यालय प्रमुखहरूको नियमित बैठकमा जानकारी गराउने ।
४. लोकसेवा आयोग, सुर्खेत कार्यालयको च.नं. ६५ मिति २०८१/०४/२८ को रिक्त पद माग गर्ने सम्बन्धी पत्र बैठकमा पुनः स्मरण भयो। उक्त पत्रानुसार नायव सुब्बा वा सो सरह (प्राविधिक) पदको विज्ञापन पौष महिनाको अन्तिम बुधबार र अप्राविधिक पदको विज्ञापन माघ महिनाको अन्तिम बुधवार हुने कार्य तालिका रहेकोले रिक्त रहेको पद माग गर्न बाँकी कार्यालयहरुले तुरुन्तै लोकसेवा आयोग सुर्खेतमा माग आकृती फाराम भरी पठाई सोको जानकारी यस कार्यालयमा गराउने।
५. विदाको दिन र कार्यालय समय बाहेक औचित्य पुष्टि नहुने गरी सरकारी सवारी प्रयोग नगर्ने ।
६. पूर्वाधार विकाससँग सम्वन्धित कार्यालयहरुले विकास निर्माणका कार्यहरु गुणस्तरीय रुपमा समयमै सम्पन्न हुने व्यवस्था मिलाउने ।

२०८१।०९।०५

मेख बहादुर मंग्राती
प्रमुख जिल्ला अधिकारी